नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

ताप्लेजुङ

सम्पर्क नं.
०२४-४६०१९६
०२४-४६१०२१
इमेल:taplejung@dolma.gov.np

प स: ०८१।८२
च. न: ६९३

मिति- २०८१।१२।०५
ने.सं.११४५ चिल्लागा ४, मंगलबार

विषय: सूचना टाँस गरिदिने सम्बन्धमा।

श्री ताप्लेजुङ जिल्ला अदालत, ताप्लेजुङ ।
श्री जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङ ।
श्री सिरीजंघा गाउँपालिकाको कार्यालय, ताप्लेजुङ।
श्री सिरीजंघा गाउँपालिका १ नं. वडा कार्यालय, ताप्लेजुङ।

प्रस्तुत विषयमा जिल्ला ताप्लेजुङ साविक सिनाम गा.वि.स. वडा नं.-३ परिवर्तित सिरीजङ्घा गा.पा. वडा नं.-१ बस्ने माहापालको नाति अमर वहादुर लिम्बुको छोरा ना.प्र.नं. १३३२/३५३ जारी मिति २०४०/१२/१३ ता. का मन कुमार थेवे लिम्बुले निजको ठुलो बुबा जित बहादुर लिम्बुको नाममा रहेको सूचनामा उल्लेखित कि.नं. का जग्गाहरु नामसारी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेकोमा यस कार्यालयवाट नामसारी हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना प्रकाशित भएको हुँदा उक्त सूचना यसै पत्र साथ संलग्न राखि पठाइएको छ। सूचना टाँसगरी जानकारी पठाइदिनुहुन अनुरोध छ । सूचना टाँसगरी तहाँ कार्यालयको सूचना पाटीमा सूचना टाँस गरेको मिति, यस मालपोत कार्यालयको च.नं. र मिति समेत खुलाई जानकारी पठाइदिनुहुन अनुरोध छ ।

श्री प्रशासन
सूचना पाटी, फेसबुक पेज र वेबसाइटमा सूचना प्रकाशन गर्नी
०८१।१२।१२

१२/०५
...शेर्पा
कार्यालय प्रमुख

दर्ता नं. ६४०८
मिति २०८१।१२।१६

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

ताप्लेजुङ

प.स: ०८१।०८२ मिति- २०८१।१२।०५

**विषय- जग्गा नामसारी सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सूचना ।**

प्रस्तुत विषयमा जिल्ला ताप्लेजुङ साविक सिनाम गा.वि.स. वडा नं.-३ परिवर्तित सिरीजङ्घा गा.पा. वडा नं.-१ बस्ने माहापालको नाति अमर वहादुर लिम्बुको छोरा ना.प्र.नं. १३३२/३५३ जारी मिति २०४०/१२/१३ ता. का मन कुमार थेवे लिम्बुले निजको बाजे माहापालको मिति २०३७/०८/१० मा र माहापालको एकमात्र श्रीमति राम कुमारी लिम्बुको मिति २०३९/०८/१० मा मृत्यु भएको, मृतक दम्पति माहापाल र राम कुमारीबाट ५ जना छोराहरु क्रमशः नर वहादुर थेवे, जित वहादुर थेवे, अम्बर बहादुर थेवे, बिजुली प्रसाद थेवे, कुल वहादुर थेवे र २ जना छोरीहरुको जाय जन्म भएकोमा छोरीहरुको विवाह भइसकेको, नर वहादुर थेवेको मिति २०४३/१२/२० मा, नर बहादुरको एकमात्र श्रीमति श्याम कुमारी थेवेको मिति २०३८/०५/१० मा मृत्यु भएको, मृतक दम्पति नर वहादुर र श्याम कुमारीबाट २ जना छोराहरु र २ जना छोरीहरुको जाय जन्म भएकोमा १ जना छोरीको विवाह भइसकेको र १ जना छोरी शुक्र कुमारी थेवेको मिति २०३६/०४/२० मा मृत्यु भएको, जित वहादुर थेवेको मिति २०७६/०२/०५ मा, जित बहादुरको एकमात्र श्रीमति धन कुमारी गुरुङको मिति २०७८/१०/१२ मा मृत्यु भएको, मृतक दम्पति जित वहादुर र धन कुमारीबाट कुनैपनि सन्तानको जाय जन्म नभएको, अम्वर वहादुर थेवेको मिति २०७०/०४/२३ मा, अम्वर वहादुरको एकमात्र श्रीमति चन्द्र माया थेवेको मिति २०६५/१२/२९ मा मृत्यु भएको, मृतक दम्पति अम्वर वहादुर र चन्द्रमायाबाट २ जना छोराहरु र २ जना छोरीहरुको जाय जन्म भएकोमा छोरीहरुको विवाह भइसकेको, बिजुली प्रसाद थेवेको मिति २०४६/१०/०५मा,बिजुली प्रसाद थेवेको ३ जना श्रीमतिहरु मध्ये मनमति थेवेको मिति २०४६/०५/१५ मा, कमला थेवेको मिति २०४४/०७/२० मा मृत्यु भएको, विमला थेवे जिवितै रहेको, मृतक दम्पति बिजुली प्रसाद,मनमति र कमलाबाट ५ जना छोराहरु र ४ जना छोरीहरुको जाय जन्म भएकोमा सबै छोरीहरुको विवाह भइसकेको, कुल बहादुर थेवेको मिति २०४२/०७/२४ मा, कुल बहादुरको एकमात्र श्रीमति शिवमाया जिवितै रहेको भनि सिरीजङ्घा गा.पा. १ नं. वडा कार्यालयको नामसारी सिफारिस प्रमाणित सर्जमिन मुचुल्का, नाता प्रमाणित सिफारिस, मृतकको मृत्यु दर्ता प्रमाणपत्र एकै व्यक्ति सिफारिस लगायतका संलग्न कागजात सहित मृतक ज.ध. जित बहादुर लिम्बुको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक सिनाम गा.वि.स. वडा नं.-३ को कि.नं. २१२ समेतका जग्गाहरु निवेदकका नाममा मुलुकी देवानी संहिता २०७४ को दफा २३९/२४१ बमोजिम नामसारी गरिदिनु भनी यस कार्यालयमा मिति २०८१/११/०१ मा निवेदन दिएको साथै <u>च.नं. २६६ मिति २०८१/१०/३० को नामसारी सिफारिस तथा सो साथ संलग्न मिति २०८१/११/०५ को प्रमाणित सर्जमिन मुचुल्कामा समेत मृतक ज.ध. जित बहादुर थेवे भन्ने जित बहादुर लिम्बु र निजको एकमात्र श्रीमति धनकुमारी थेवेको जीवित हुँदा सम्मको पालन पोषण तथा मृत्यु पश्चातको सम्पूर्ण काजकिरिया यिनै निवेदक मन कुमार थेवेले गरेको भनि उल्लेख भएको हुँदा</u> मृतक ज.ध. जित वहादुर थेवे भन्ने जित बहादुर लिम्बुको नाममा दर्ता श्रेस्ता कायम रहेका तपसिलको जग्गा <u>निवेदकका नाममा नामसारी गर्नु नपर्ने भए</u> वा <u>जित वहादुर लिम्बु भन्ने व्यक्ति अरु कोही भए</u> वा <u>निवेदक वाहेक अरु कसैको हकदावी भए</u> सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र सबुत प्रमाण सहित दावी गर्न यस कार्यालयमा आउनुहोला ।म्याद भित्र दावी विरोध नगरेमा कानून बमोजिम निवेदकको मागदावी अनुसार नामसारी भैजाने र कुनै किसिमको उजुर दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

<u>तपसिल</u>

| जिल्ला | गा.वि.स | वडा नं | कि.नं | क्षेत्रफल जम्मा | ज.ध. को नाम | निवेदकको |  | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  |  | नाम र ठेगाना | नागरिकता |  |
| ताप्लेजुङ | सिनाम | ३<br>३ | २१२<br>२७८ | २-३-३-२<br>१-९-१-९ | <u>जित वहादुर लिम्वु</u><br>बुबा: माहापाल<br>बाजे: शहरनन्द<br>वतन: सिनाम-३ | <u>मन कुमार थेवे</u><br>बुबा: अमर वहादुर<br>बाजे: माहापाल<br>वतन: सिनाम-३ | १३३२/३५३ जारी मिति २०४०/१२/१३ ता. |  |

सुकदेव गणेश
खरिदार

कार्यालय प्रमुख